नेपाल सरकार

# भूमि सम्वन्धी समस्या समाधान आयोग

ताहाचल,काठमाडौं

(योजना तथा मापदण्ड शाखा)

पत्र संख्याः- ०७७/७८

चलानी नं.- 939

मितिः २०७७।६।२६

विषयः आयोगको नाममा भएको वा हुनसक्ने अवाञ्छित गतिविधि सम्बन्धमा सतर्कता अपनाउनु हुन ।

श्री स्थानीय तह

सबै (७५३)

भूमिहीन सुकुम्बासीलाई जग्गा उपलव्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने कामका लागि नेपाल सरकारले भूमि सम्बन्धी समस्या समाधान आयोग गठन गरी क्रियाशील रहेको विदितै छ । आयोग हाल भूमिहीन सुकुम्बासीलाई जग्गा उपलव्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका र प्रणाली निर्माणमा केन्द्रीत भैरहेको अवस्थामा केही जिल्लाहरुमा आयोगको नाममा किर्ते हस्ताक्षर र नक्कली छाप प्रयोग गरी ठगी गर्ने, प्रभावित पार्ने, धम्क्याउने, पुरानो मितिमा सरकारी/ऐलानी जग्गामा कारोवार गरेको लिखत बनाउने, आयोगका पदाधिकारी वा कर्मचारी जिल्ला आउँदा व्यवस्थापन गर्नुपर्ने भनी रकम असुली गर्ने आदि जस्ता अवाञ्छित गतिविधि भैरहेको भन्ने सुन्नमा र देखिन आएको विषय प्रति आयोगको गम्भिर ध्यानाकर्षण भएको छ ।भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले प्राप्त गर्न सक्ने जग्गाको क्षेत्रफल र लाग्ने दस्तुरको निर्धारण भैसकेको छैन ।आयोगले भूमिहीन सुकुम्बासीलाई जग्गा उपलव्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन सम्बन्धी मुख्य काम जिल्ला समिति र स्थानीय तहमार्फत नै गर्ने हो । तसर्थ उल्लिखित प्रकृतिका वा उस्तै प्रकृतिका अवाञ्छित गतिविधिका सम्बन्धमा सजग र सतर्क रही त्यस्ता क्रियाकलाप भएको सूचना प्राप्त हुन आएमा सोको नियन्त्रणका लागि आयोग र सम्बन्धित स्थानीय प्रशासनलाई जानकारी गराउनु हुन सबै स्थानीय तहहरुलाई अनुरोध गरी पठाउने भनी आयोगको मिति २०७७।६।२५ को बैठकवाट निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

०७७।६।२६

(अञ्जन न्यौपाने)

उपसचिव